# वार्षिक बजेट नीति तथा कार्यक्रम

## आ.व. २०७९/०८०

# ताराखोला गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

### अर्गल, बागलुङ

# विषय सूची


| | |
|---|---|
| वार्षिक नीति तथा कार्यक्रम आर्थिक वर्ष २०७९/०८० | 1 |
| आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य | 15 |
| विनियोजन ऐन २०७९ | 21 |
| आ.व. ०७९/०८० को आय व्ययको अनुमान | 23 |
| आ.व. ०७८/०७९ को राजस्व तथा अनुदान प्राप्तिको अनुमान | 25 |
| आ.व. ०७९/०८० को व्ययको अनुमान | 26 |
| आ.व. ०७९/०८० को आय व्ययको अनुमान | 29 |
| आ.व. ०७९/०८० को व्ययको अनुमान | 31 |
| आ.व. ०७९/०८० को कार्यक्षेत्रगत व्ययको अनुमान | 33 |
| आ.व. ०७८/०७९ को व्ययको अनुमान (शर्शर्त कार्यक्रम) | 51 |
| राजस्व परामर्श समितिको प्रतिवेदन | 72 |
| ताराखोला गाँउपालिका जनप्रतिनिधिहरुको सम्पर्क नम्बर | 95 |
| ताराखोला गाँउपालिका कर्मचारीहरुको सम्पर्क नम्बर | 96 |
| ताराखोला गाँउपालिका कृषि तथा पशुसेवा शाखा सम्पर्क नम्बर | 97 |
| ताराखोला गाँउपालिका इन्जिनियर शाखा सम्पर्क नम्बर | 97 |
| ताराखोला गाँउपालिका स्वास्थ्य शाखा सम्पर्क नम्बर | 98 |
| ताराखोला गाँउपालिका शिक्षा शाखा सम्पर्क नम्बर | 98 |
| ताराखोला गाँउपालिका विद्यालयहरुको सम्पर्क नम्बर | 99 |

# तारारखोला गाउँपालिका

## अर्गल, बागलुङ

प.सं.

च.नं.

**गण्डकी प्रदेश, नेपाल**



स्थानीय तह सदस्य निर्वाचन, २०७९ पश्चयात स्थानीय तहको जिम्मेवारी सम्हाली पहिलो वर्षमा प्रवेश गर्दै गर्दा यस वर्षबाट हामीले योजनावद्ध विकासको चरणमा अगाडि बढ्ने प्रयत्न गरेको बर्षको रुपमा लिएका छौं ।

गाउँपालिकाको पञ्चवर्षीय विकास योजना, मध्यमकालीन खर्च संरचनाको तादात्म्यता मिलाउदै २०७९।०८० को वार्षिक बजेट तथा निति कार्यक्रम ल्याउनको लागि गाउँ कार्यपालिका र गाउँ सभामा महत्व पूर्ण छलफल भएको छ ।

यस वर्षको बजेट तर्जुमा गर्दा यस वर्ष तयार गरेको मध्यकालीन खर्च संरचनामा समावेश गरी बजेट तर्जुमा गरिएको छ ।गाउँपालिकाले यस आ.व.मा दीर्घकालीन प्रभावपार्ने बहुवर्षीय आयोजनाहरु कार्यन्वयन गर्ने गरी आयोजना छनौट गरिएको छ ।

गाउँपालिकाले बनाएका योजनालाई जनपक्षीय र पारदर्शी कानुनी शासनमा रही त्यसको सफल कार्यान्वयन गर्ने कुरा महत्वपूर्ण रहने हुनाले यस वर्षको कार्यक्रमलाई पहिलो चौमासिकबाट नै कार्यक्रम कार्यन्वयन गरिने प्रतिबद्धता सहित बजेट तर्जुमा गर्न देखाउनुभएको सक्रियतालाई कार्यान्वयन गर्न समेत निरन्तरता दिन सम्पूर्ण जनप्रतिनिधी, राष्ट्रसेवक कर्मचारी, राजनैतिकदल, सामाजिक अगुवा, आम नागरिकहरु, शिक्षक बुद्धिजिवि, पत्रकार सम्पूर्णमा हार्दिक धन्यवाद तथा अनुरोध गर्दछु ।

धन बहादुर वि.क. 'हिमाल'
अध्यक्ष

# ताराखोला गाउँपालिका

## अर्गल, बागलुङ

प.सं.
च.नं.

गण्डकी प्रदेश, नेपाल



नेपालको सविधान २०७२ बाट प्राप्त उपलब्धीहरुको संरक्षण गर्दै संघीयता कार्यान्वयनको क्रममा तीनै तहको सरकार गठनको क्रममा स्थानीय तहको सरकार गठन पक्रिया २०७९ बेशाख ३० गते सम्पन्न भएको छ । स्थानीय सरकारको गठन पक्रियामा सहभागी हुनु भएका सम्पुर्ण ताराखोलावासी मतदाताहरुमा धन्यवाद दिन चाहन्छ ।

आगामी दिनहरुमा आम ताराखोलावासीहरुको आर्थिक विकासको सूचकको रुपमा रहेको औषत आयु, औषत आय र साक्षरता प्रतिशतमा वृद्धि गर्न ताराखोला गाउँपालिकाको भू-वनोटमा रहेको प्राकृतिक श्रोत र साधन तथा मानव पुँजीको विकास गर्न, राष्ट्रिय प्राकृतिक वित्त आयोगबाट प्राप्त हुने संघीय तथा प्रादेशिक सरकार बाट प्राप्त हुने शसर्त अनुदान, सामानिकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान, राजश्व बाँडफाँड प्राप्त हुने अनुदान ताराखोला गाउँपालिकाको आन्तरिक आम्दानी र स्थानीय जनताहरुसंग रहेको श्रमलाई पुंजीमा परिणत गर्दै आर्थिक विकासको सूचकमा वृद्धि गर्ने लक्ष्य अनुरुप वार्षिक नीति तथा कार्यक्रम अनुसार बजेटको व्यवस्थापन गरिएको छ ।

वार्षिक नीति तथा कार्यक्रम अनुरुपको बजेटको व्यवस्थापन गर्दा आवद्यिक योजना लाई निरन्तरता दिन मध्यकालिन खर्च संरचना निर्माण गरिएको र कार्यक्रम कार्यन्वयन पक्ष महत्वपुर्ण कार्य भएकोले सम्पुर्ण जनप्रतिनिधि सम्बद्ध शाखाका कर्मचारी मित्रहरु बौद्धिक वर्ग सम्पुर्ण ताराखोलावासी उपभोक्ता एवम सरोकारवाला निकायले समयमै सहभागी गरी भौतिक लक्ष्य प्राप्तीमा सहयोग गर्नु हुनेछ भन्ने आशा एवम विश्वास व्यक्त गर्दछु ।

भिम बहादुर रोका
उपाध्यक्ष

# तारारखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## अर्गल, बागलुङ

प.सं.
गण्डकी प्रदेश, नेपाल
च.नं.



नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी बिषयमा कानून बनाउने, वार्षिक वजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था समेत गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाऊँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र बिषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नु पर्ने व्यवस्था रहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजस्वको प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्था गरेको छ ।

त्यसै अनुरुप ताराखोला गाउँपालिकाले आ.व. २०७९/८० को वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरि कार्यान्वयनको चरणमा रहेको अवस्थामा योजनालाई जनपक्षीय र पारदर्शी कानुनी शासनमा रही त्यसको सफल कार्यान्वयन गर्ने कुरा महत्वपूर्ण रहने हुनाले यस वर्षको कार्यक्रमलाई पहिलो चौमासिकबाट नै कार्यक्रम कार्यन्वयन गरिने प्रतिबद्धता सहित बजेट तर्जुमा गर्न देखाउनुभएको सक्रियतालाई कार्यान्वयन गर्न समेत निरन्तरता दिन सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, कर्मचारी साथिहरु नागरिक समाज, बुद्धिजिवि वर्गहरु एवं सचेत नागरिकहरु, सम्पूर्णमा हार्दिक धन्यवाद तथा अनुरोध गर्दछु ।

प्रकाश गैरे
नि. प्रमुख प्रशासकीय अधिकृत

# वार्षिक नीति तथा कार्यक्रम
## आर्थिक वर्ष २०७९/०८०

सम्मानित सभाका सभा अध्यक्ष ज्यू,
यस सभामा उपस्थित सदस्य ज्यूहरु, अतिथि, कर्मचारी मित्रहरु, पत्रकार र अन्य महानुभावहरु ।

यतिबेला नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा स्थानीय तह सदस्य निर्वाचन, २०७९ यहि बैशाख ३० गते सम्पन्न भई नव निर्वाचित जनप्रतिनिधिको जिम्मेवारीमा स्थानीय सरकार छ । जसमा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल सरकारको १५ औ योजना, दिगो विकासका लक्ष्य जस्ता दस्तावेजको अधिनमा रहि स्थानीय सरकारको रुपमा ताराखोला गाउँपालिकालाई थप समृद्ध र सुखि नागरिक बसोबास गर्ने क्षेत्रको रुपमा विकास गर्ने दायित्व निर्वाचित जनप्रतिनिधिहरुको रहेको छ । यस निर्वाचनमा सहयोग गर्नुहुने सम्पुर्ण ताराखोला बासि मतदाताहरु, राजनितीक दलहरु, बुद्धिजिवि वर्ग, नागरिक समाजका अगुवाईकर्ताहरु, प्रहरी प्रशासन, लगायत निर्वाचनमा खटिने सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

गएको दुई वर्षमा विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ रोगले विश्व मानव जातिमा संकट पैदा गरिदिएको थियो । खोपको विकास भएसँगै ताराखोला बासिमा ९४% अठार वर्षभन्दा माथिका सबै नागरिकहरुमा खोपको विस्तार भएसंगै अहिले खतरामुक्त अवस्थामा रहेको छ । यस अवधिमा कोभिड १९ को रोकथाम नियन्त्रण र उपचार प्रयास गर्दागर्दै पनि ताराखोला गाउँपालिकाको गाउँ कार्यपालिका सदस्य तथा न्यायिक समितिका सदस्य जुझारु युवा नेतृ तेजु माया भण्डारी परियार सहित ४ जना को कोभिड १९ को उपचारको क्रममा दुःखद निधन भएको थियो । यस संकटपुर्ण घडिमा एकजुट भई महामारी रोकथाम, नियन्त्रण तथा उपचार कार्यमा अहोरात्र खटिने स्वास्थ्यकर्मी, जनप्रतिनिधि, सुरक्षाकर्मी, एम्बुलेन्स चालक तथा राष्ट्रसेवक कर्मचारीहरुको योगदानको उच्च सम्मान गर्दछु । यसै गरी वि.स. २०७५/०२/३१ गते सवारी दुर्घटनामा परी ज्यान गुमाउने वडा सदस्य हेमन्त घिमिरे तथा मुटु रोगका कारण वि.स २०७८/०४/२६ मा खम बहादुर छन्त्यालको अकल्पनिय मृत्युले गाउँपालिकालाई क्षति पुगेको छ । पुरानो सत्ताको विकल्पमा नयाँ जनवादी सत्ता प्राप्तिको लागि ज्यान गुमाउनुहुने ऐतिहासिक महान जनयुद्ध र जनआन्दोलनको सन्दर्भमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने महान शहिदहरु प्रति उच्च सम्मान तथा हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । बेपत्ता र घाईते योद्धाहरु प्रति उच्च सम्मान गर्दै परिवारप्रति गहिरो सहानुभुति प्रकट गर्दछु । संघीय लोकतान्त्रीक गणतन्त्र स्थापनार्थ राजनैतिक परिवर्तनको नेतृत्व गर्ने नेतागण तथा आम परिवर्तनकारी जनता प्रति हार्दिक नमन र सम्मान व्यक्त गर्दछु ।

गाउँपलिकामा जनप्रतिनिधी सहितको स्थानीय सरकार संचालन भएको पहिलो कार्यकालको ५ बर्ष पुरा गरी हामि नवनिर्वाचित जनप्रतिनिधीहरु दोस्रो कार्यकालको पहिलो बर्षमा प्रवेश गर्दैछौ । गएका वर्षहरुमा विभिन्न वाधा अवरोधहरुको सामना गर्दै विभिन्न समस्याहरुलाई चिर्दै स्थानिय तहको जगलाई बलियो बनाउनको लागि विशेष योगदान गर्ने निवर्तमान जनप्रतिनिधिहरुलाई धन्यवाद प्रकट गर्दछु । स्थानीय तहको स्थापना संगै सार्वजनिक सेवा प्रवाहको लागि निकै प्रयासहरु भएता पनि जन अपेक्षा पुरा गर्न अझै अथक प्रयास गर्नुपर्ने अवस्था देखिन्छ । यस परिस्थितिलाई मध्यनजर गरि पहिलो कार्यकालको उपलब्धी र अनुभवलाई आत्मसाथ गर्दै आगामी आर्थिक बर्ष २०७९।०८० को नीति तथा कार्यक्रम निर्माण र कार्यान्वयनको चरणमा जुटिरहेका छौ । यसले समाज र समुदायका विभिन्न आवश्यकतालाई सम्वोधन गर्ने सन्दर्भमा राज्य संचालनको एक बर्षको आयोजना र कार्यक्रमको रुपरेखा घोषणा गर्ने कुरा जुनसुकै सरकारका लागि महत्वपुर्ण अर्थ राख्ने भएकाले चालु आर्थिक बर्षको मुल्याङ्कन र निवर्तमान जनप्रतिनिधिहरुको योगदानको कदर गर्दै आगामी वर्षको रणनीति

तयार, अनुमानित आय र प्रस्तावित खर्चको ढाँचा निर्माणले ताराखोला गाउँपालिकाको अगाडिको बाटोलाई मागदर्शन गर्न मद्धत पुग्ने विश्वास लिएको छु ।

सम्मानित सभाका सभाअध्यक्ष एवं सदस्य ज्युहरु,

स्थानीय स्तरमा रहेको श्रोत साधन र मानवीय जनशक्तिको व्यवस्थित परिचालन र प्रयोगले नै कुनैपनि स्थानीय तहको समग्र सोच र लक्ष्य निर्धारण हुने भएकाले समय अनुसारको योजना र कार्यक्रम सु-स्पष्ट ढंगले कार्यान्वयन हुने, अपेक्षितप्रतिफल दिने समन्यायीक वितरण र दिगो विकास समेत हुने रणनीति अवलम्वन गर्न आवश्यक देखेको छु । त्यसको लागि संघ र प्रदेशको योजना र कार्यक्रम, लक्ष्य पालिकाको आर्थिक सर्वेक्षण तर्जुमा गरि आवधिक विकास योजनाको साथै मध्यकालिन खर्च संरचना सँग तादाम्यता मिलाई आयोजनाको प्राथमिकीकरण गर्न आवश्यक ठानेको छु ।

स्थानीय तहको सरकारलाई प्रत्यक्ष तथा अप्रत्यक्ष ढङ्गबाट सहयोग गर्ने सबै राजनीतिक दल, शिक्षक, बुद्धिजीवी, पत्रकार, नागरिक मञ्च, टोल सुधार समिति, महिला स्वास्थ्य स्वयंसेविका, आमा समुह लगायत आम समुदाय प्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दै आगामी दिनहरुमा यस पालिकाले गर्ने कामहरुमा यहाँहरूको साथ, सहयोग र रचनात्मक सुझाव एवम् सक्रिय भूमिका रहने कुरामा विश्वस्त हुन चाहन्छु ।

सम्मानित सभाका सभाअध्यक्ष एवं सदस्य ज्यूहरू,

नेपाल सरकारको १५ औ योजना, संघ र प्रदेश सरकारको नीति साथै दिगो विकासको लक्ष्यलाई आधार बनाएर यस सभामा नीति तथा कार्यक्रम र योजनाको छलफल हुनुको साथै चालु आर्थिक वर्षको मूल्यांकन, आगामी बर्षको अनुमानित आय र खर्चको ढाँचा निर्माणले यस गाउँपालिकाको "श्रम, सहकारी, पर्यटन, कृषि, उद्योग र पुर्वाधार- गुणस्तरीय स्वास्थ्य र शिक्षा एक घर एक रोजगार" भन्ने लक्ष्य र "सुखि नागरिक, समृद्ध गाउँपालिका" दिर्घकालिन सोच लाई पुस्ट्याइ गर्न आधार तयार हुनेछ र यहाँको प्राकृतिक स्रोत तथा सम्पदाको व्यवस्थित उपयोग, मानवीय जनशक्तिको समुचित परिचालन र विद्यमान अवस्थामा समय अनुकुल प्रविधिको विकासले मात्र यहाँका बासिन्दाहरूको भौतिक विकास मात्र नभई आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार हुने विश्वास लिएको छु । तसर्थ बजेट निर्माण भनेको सरकारी आय र व्ययको विनियोजनको रूपमा मात्र नभई बजेट निर्माण सम्बन्धित स्थापित सिद्धान्तहरु, नीति र कानुनको परिधिभित्र रही पारदर्शी र जवाफदेही ढंगले योजना र कार्यक्रम सुस्पष्ट कार्यान्वयन हुने, अपेक्षित प्रतिफल दिने, समसामयिक र दिगो विकासको लक्ष्य लाई सफल बनाउने रणनीतिहरु अबलम्बन गर्न आवश्यक ठानेको छु ।

संघ र प्रदेश सरकारबाट आउने समानिकरण, सशर्त, समपूरक र विशेष अनुदानका योजना र कार्यक्रमसँग गाउँपालिकाको आवधिक विकास योजना साथै मध्यमकालीन खर्च संरचनाको तालमेल मिलाइ आयोजनाहरूको प्राथमिकिकरण गर्न आवश्यक ठानेको छु । यसले संघ, प्रदेश र स्थानीय तहको सरकारले लिएको सोच र उद्देश्यहरूलाई पुरा गर्नको लागि आधार तयार गर्नेछ। पारदर्शीता, जवाफदेहिता, जनसहभागिता जस्ता सुशासनका पक्षहरूलाई समयानुकुल अझ सशक्त र प्रभावकारी ढंगले अगाडि बढाउने दृढता व्यक्त गर्दछु ।

सम्मानित सभाका सभाअध्यक्ष एवं सदस्य ज्यूहरु,

ताराखोला गाउँपालिका प्रदेश राजधानी पोखरा देखि करिब १ सय ३६ किलोमिटर जिल्ला सदरमुकाम देखि ४५ किलोमिटर दुरीमा अवस्थित छ । समुन्द्री सतहदेखि करिब १३ सय ३३ मिटर देखि ३५ सय ३३ मिटर सम्म उचाइ मा अवस्थित छ । यसको क्षेत्रफल १२९.५२ वर्गकिलोमिटर रहेको छ भने गाउँपालिकाको कुल जनसंख्या पालिकाको

घरधुरी सर्वेक्षण अनुसार १४,३६९ रहेको छ । यहाँका बासिन्दा वैदेशिक रोजगारीका लागि विभिन्न देशहरुमा रहेता पनि आम्दानीको मुख्य स्रोत कृषि तथा पशुपालन नै हो । गाउँपालिकामा कृषिजन्य खाद्यान्न बाली मकै, कोदो, जौ, गहुँ, फापर, धान आदि छन् भने आलु, मुला, लसुन, प्याज, केराउ, भटमास, भाँगो, अलैची, किबि जस्ता नगदे बालीहरु पनि व्यवसायिक रुपमा उत्पादन गर्ने कार्यको शुरुवात भएको छ भने स्थानीय भैसि, स्थानीय कुखुरा, कालिज, बंगुर, बदेल, बाख्रापालन, माछापालन बाट आम्दानी प्रशस्त देखिन्छ।

यस गाउँपालिकाको मुख्य नगदे बाली उत्पादनको स्थितिलाई हेर्दा आलु करिब ९५० मेट्रिक टन, अलैची ४ मेट्रिक टन, भाँगो १७५ मेट्रिक टन, किवि ३.५ मेट्रिक टन उत्पादन भएको छ भने बाख्रा फार्म १७ वटा, भेडा फार्म ५ वटा, बङ्गुर फार्म ६ वटा, भैसी फार्म ३ वटा, कुखुरा फार्म १७ वटा, तरकारी टनेल १११ वटा रहेका छन, भने एउटा कृषि उपज संकलन केन्द्र निर्माण सम्पन्न भएको छ। त्यस्तै गरी स्थानीय उद्योगको रुपमा स्लेट ढुङ्गा प्रशोधन उद्योगहरू सञ्चालनमा रहेका छन।

यस गाउँपालिका भित्र सयपत्री हाइड्रोपावर २.५ मेघावाट, ताराखोला जलविद्युत परियोजना ३८४ किलोवाट सञ्चालनमा छन् भने ताराखोला जलविद्युत दोगाडी २.२ मेघावाट निर्माणाधीन अवस्थामा छ । यसबाट भविष्यमा गाउँपालिकाको आन्तरिक राजस्वमा उल्लेख्य मात्रामा वृद्धि हुने अपेक्षा गरिएको छ ।

गाउँपालिकाका विभिन्न क्षेत्रहरु डुडेलेक, तिनचुले, थामी लेक, सिद्ध गुफा, रानु झरना, ख्यूबराह ताल, घुम्टे, कालीलेक, गाईघाट झरना, शहिद पार्क, मोतिमारे बराह ताल जस्ता प्राकृतिक पर्यटकीय स्थल रहेका छन् त्यसैगरी घुस्मेली, तारागाउँ, दोगाडी, करिमेला, भातखानेडाँडा प्रमुख बजार क्षेत्रका रुपमा रहेका छन । स्थानीय उत्पादनहरु एकिकृतगरी बजारीकरण गर्न औद्योगिक ग्रामको स्थापना गरिएको छ । भुस पोल्ने पर्व, भदौरे मेला, गोपिचन लोकनाटक, असारे मेला, हरिबोधनी एकादशी, तमु ल्होसार, माघेसंक्रान्ति, बैकुण्ठ चतुर्दशी मेला, फागुपुर्णिमा, बालाचतुर्दशीमेला आदि यहाँका मौलिक पर्वहरू हुन् भने नौमती बाजा, सालैजो, यानिमाया, चुड्के भाका, सोरठी, मारूनी यहाँको मौलिक सांस्कृतिक बाजा, गीत तथा नृत्यहरू हुन् । यिनीहरूको प्रचारप्रसार संगसंगै भौतिक पूर्वाधार निर्माण सहित निश्चित गन्तव्यहरूको पहिचानको प्रयाप्त सम्भावना रहेको छ । यसका लागि स्थानीय नागरिकलाई पनि सहभागिता गराउन सक्रे गरि कार्यप्रक्रिया अगाडि बढाउने जमर्को रहेको छ ।

यस ताराखोला गाउँपालिका एक प्राकृतिक सुन्दरता सहित सम्पुर्ण पक्षको विकासको सम्भावना हुँदाहुँदै यहाँको भौगोलिक जटिलताका कारण सहज तवरले सडक पूर्वाधार विकास र विस्तार, पक्की पुल पुलेसा, कल्भर्टको ब्यबस्थापन गर्न लगानी महंगो पर्नु, सार्वजनिक क्षेत्रमा गरिएको लगानी बसाइँसराइको कारण समुचित उपयोग नहुनु, निर्वाहमुखि कृषि पेशा कायमै रहनु, उत्पादनशील र दक्ष जनशक्ति बाहिरिनु, हरेक युवालाई समयानुकुल सीप प्रविधि र पूँजी उपलब्ध गराई उद्यमशील बनाउन नसक्नु, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई समाजले ग्रहण गर्न नसक्नु, नागरिक समाज निगरानीको भुमिकामा नदेखिनु, आवासीय विद्यालयको व्यवस्था नहुनु, अवैज्ञानिक अनुगमन पद्धति हुनु, स्वास्थ्य प्रयोगशाला, चिकित्सक सेवा, स्वास्थ्य औजारको अभाव, प्रविधि मैत्री सार्वजनिक सेवाको साथै जोखिमयुक्त बस्तीहरु पहिचान गरि स्थानान्तरण गर्न एकीकृत बस्ती निर्माणको अवधारणा र पुँजीको कमी, गाउँपालिका भित्र उपलब्ध प्राकृतिक स्रोत साधनको पहिचान गरि परिचालन, संरक्षण र व्यवस्थित सदुपयोग हुन नसक्नु, समाजमा अझै विभेद, लैङ्गिक हिंसा, रुढीवादी चिन्तन कायमै रहनु, राजश्व संकलन र परिचालन क्षमतामा वृद्धि नहुनु, नागरिकमा स्थानीय सरकार प्रतिको अपनत्व कम हुनु जस्ता माथि उल्लेखित विद्यमान समस्या र चुनौतीहरु बाबजुद पनि ताराखोला गाउँपालिका संघ, प्रदेश र स्थानीय तहको सरकारले गरिरहेको आवधिक विकास योजना अनुसार सीमित स्रोत र साधनको बिचबाट पाँच वर्षको अवधिमा आफ्ना लक्ष्यहरुलाई पछ्याउने र आधार निर्माणमा प्रयासरत रहेको देखिन्छ त्यसैले यस्ता कार्यहरुको सामना गर्न पनि यो नीति तथा कार्यक्रमले सम्बोधन गर्ने कुराको दृढता व्यक्त गर्दछु ।

सम्मानित सभाका सभाअध्यक्ष एवं सदस्य ज्यूहरु,

गत आर्थिक वर्षमा देहाय बमोजिम लक्ष्य र उद्देश्यहरू राखिएको थियो ।

- कृषि, पर्यटन र पुर्वाधारको क्षेत्रमा लगानी बृद्धी गरी रोजगारि श्रृजना गर्दै गरिवी निवारणमा टेवा पुर्याउने ।
- उत्थानशील पुर्वाधार निर्माण गरी दैनिक जनजीवनलाई सहज बनाउने ।
- बहुवर्षीय र समपुरक आयोजनाहरुलाई निरन्तरता दिने ।
- सामाजिक, आर्थिक, लैंगिक रुपमा पछाडी परेको वर्ग समुदायको लागि लक्षित वर्गका कार्यक्रम सञ्चालन गर्ने ।
- विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन सँगसँगै कोभिड १९ को महामारी रोकथाम, नियन्त्रणका कार्यक्रम सञ्चालन गर्ने ।
- अध्ययन अध्यापन कार्यलाई प्रभावकारी बनाई गुणस्तरीय शिक्षा प्रदान गर्न कोभिड-१९ मुक्त वातावरणमा पठनपाठनको व्यवस्था गर्दै शैक्षिक गुणस्तर र शैक्षिक जनशक्तिको प्रबन्ध गर्ने ।
- स्वच्छ पिउने पानी र सरसफाईमा आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।
- लघु उद्यमशीलताको विकास गर्ने, घरेलु तथा साना उद्योग स्थापनालाई प्रभावकारी बनाउने।
- समाजमा रहेका असमानता, अन्धविश्वास, कु-संस्कार र कुरिती अन्त्यका लागि न्याय, समानता र मेलमिलापका योजनाहरू बनाइने छ भने विविधता व्यवस्थापन र सामाजिक एकता प्रवर्धनको लागि रणनीति बनाईने छ ।
- सशर्त अनुदानका कार्यक्रम मार्फत कृषि, पशुपालन, शिक्षा, स्वास्थ्य, रोजगार क्षेत्रको विकासमा टेवा पुर्याउने ।

सम्मानित सभाका सभाअध्यक्ष एवं सदस्य ज्यूहरु,

चालु आ.व. को नीति तथा कार्यक्रम कार्यान्वयनबाट हालसम्म निम्न बमोजिम प्रगति हासिल गरेको कुरा राख्न चाहन्छु ।

- गाउँपालिकाको नयाँ प्रशासनिक भवन निर्माण कार्य सम्पन्न भई सो भवनबाट नै सेवा प्रवाह भएको छ र संस्कृतिक संग्रहालय अन्तिम चरणमा निर्माण कार्य भइरहेको छ, औद्योगिक ग्राम निर्माणका लागि तेस्रो चरणको जग्गा विकासको कार्य ठेक्का सम्झौता भएर काम भइरहेको छ।
- संघ, प्रदेश र स्थानीय सरकारको साझेदारीमा घुस्मेली देखि सभाहल, भातखाने डाँडादेखि वडा नम्बर १ कार्यालय सडक स्तरउन्नती हुनुको साथै लालचोक-दोगाडि-सीप सडकको स्तरउन्नती कार्य सम्पन्न भएको छ ।
- रिजालचोक-धनसिंङ्ग चोक-माझखर्क-भुस्कात-सिले-भातखाने डाँडा हुदै म्याग्दि जोड्ने (शहिद मार्ग) सडकको २५ कि.मि. सडक कालोपत्रेको लागि डिपिआर सम्पन्न भएको छ ।
- औद्योगिक ग्राममा खानेपानि विस्तारको काम यसै आ.व. मा हुने गरि ठेक्का मार्फत कार्य अन्तिम चरणमा पुगेको छ ।
- प्रदेश सरकारको पहलमा त्रिशुलि घुम्ति देखि माझखर्क हुदै गाउँपालिका जोड्ने १०.२ कि.मि. सडक कालोपत्रे हुने चरणमा रहेको छ ।
- डोप्ता बराहखोला जोड्ने सडक विस्तार गरिएको छ ।
- प्रदेश सरकार मार्फत हटिया हरिचौर घुस्मेलि हुदै तारागाँउ जोडने सडक बहुवर्षे ठेक्का मार्फत कालोपत्रे गर्ने कार्य भइरहेको छ ।
- पाँच शैय्याको ताराखोला अस्पताल निर्माण कार्यको लागि ठेक्का सम्झौता भई कार्य अगाडि बढेको छ, एम्बुलेन्स सेवा संचालनमा आएको छ भने डाक्टर तथा स्टाफ नर्स लगायतको जनशक्ति सहित अस्थायी कोरोना अस्पताल

सञ्चालनमा रहेको छ।

- प्रत्येक स्वास्थ्यचौकीमा जनशक्ति सहित ल्याव स्थापना गरिएको छ, वर्थिङ सेन्टरहरुमा वेवि वार्मर जडान गरिएको छ, गर्भवती महिला दिदीबहिनीहरुको लागि अण्डा वितरण कार्यक्रम सञ्चालन गरिएको छ।
- अमरभूमि स्वास्थ्य चौकीमा ७ किलोवाटको सोलार जडान गरिएको छ ।
- चार (४) वटै स्वास्थ्य संस्थामा ल्याब स्थापना भएसंगै ल्याब एनालाईजर जडान गरि आम जनसमुदायको ब्लड सुगर, युरिक एसिड लगायतका रोगहरुको परिक्षण गर्ने कार्य भएको छ । साथै, भुस्कात सामुदायिक स्वास्थ्य ईकाईमा स्थानीय जनसहभागिकता सहित ल्याब एनालाईजरको व्यवस्थापन गरिएको छ ।
- त्यसैगरि चार वटै स्वास्थ्य चौकीमा ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम (RUSG) संचालन गरिएको छ ।
- महिला स्वास्थ्य स्वंयमसेविकाहरुको १० वर्षे जीवन बीमाको सुरुवात गरिएको छ ।
- सुनौला हजार दिनका आमा तथा बच्चाहरुलाई पोषिलो झोला (अण्डा, किवी तथा ओखर) वितरण गरिएको छ ।
- गाउँपालिकाको पहलमा कृषि तथा पशु व्यवसायिकरण र आधुनिकीकरण गर्नको लागि किवि पकेट क्षेत्र, बाख्रा पकेट क्षेत्र, मकै र आलु पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम निरन्तर रुपमा सञ्चालन गरिएको छ।
- बालिमा क्षति पुर्याउने रोग तथा किरा नियन्त्रणको लागि कृषक, कृषक समुह, कृषि फार्मलाई निशुल्क जैविक विषादि वितरण गरिएको छ ।
- फलफुल विकास कार्यक्रम अन्तर्गत वडा न. ३ ईदिमा किवी बगैचा स्थापना गरिएको छ ।
- पशुपन्छी तथा मत्स्य रोगको उपचारको लागि निशुल्क रुपमा औषधी वितरण गरिएको छ ।
- योजना व्यवस्थापन सूचना प्रणाली, ई-विडिङ्ग, लेखा प्रणालीलाई शुत्रमा, राजश्व संकलन अनलाइन मार्फत, घटना दर्ता कार्यलाई अनलाइन मार्फत तथा सामाजिक सुरक्षालाई बैंकिङ प्रणालीमा आवद्ध गरिएको छ।
- बाढी पीडित, आगजनी तथा चट्याङबाट मृत्यु हुनेको परिवारलाई आर्थिक सहायता प्रदान गरिएको छ।
- सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत खरको छानालाई विस्थापित गर्नको लागि ३४ जनालाई राहत वितरण गरिएको छ।
- गाउँपालिकामा २ जना खेलकूद प्रशिक्षकको व्यवस्था गरी वडा नम्बर १ र ५ मा खेल प्रशिक्षण सञ्चालन गरिएको छ भने आगामी आ.व. मा सबै वडामा संचालन गरिनेछ ।
- हालसम्म पालिकामा २१ ऐन, ८ नियमावली र २२ कार्यविधि निर्माण गरी कार्यान्वयन गरिएको छ।
- पालिका स्तरीय खेलमैदान स्थापनाको लागि दोस्रो चरणको काम अगाडि बढेको छ।
- गाउँपालिकाको समग्र स्थीति झल्कने गरि डिजिटल प्रोफाईल तयार भएको छ ।
- स्थानीय पाठ्यक्रम लागु भई शैक्षिक सत्र २०७९ बाट नै कक्षा १-२ सम्म स्थानीय पाठ्यपुस्तक पठनपाठन सुरु भएको छ ।
- गाउँपालिकाको विगत ५ वर्ष पहिलेको र अहिलेको विकासको समग्र पक्ष झल्कने गरि डकुमेन्ट्रि निर्माण भएको छ ।
- ताराखोलामा कृषि जैविक बगैचा संचालन गरि आलु खेतिलाई प्रवर्धन गर्ने कार्यको सुरुवात भएको छ ।
- वाढि पहिरोले क्षति भएका ९ वटा घरहरु पुन निर्माण हुने तयारिमा रहेका छन ।
- ग्रामिण पर्यटन पुवाधार विकास कार्यक्रम अन्तर्गत करिमेला र अर्गलमा दुईवटा मन्दिरहरुको संरक्षण गर्ने कार्य भएको छ ।
- कृषि उत्पादनलाई व्यवस्थित गर्नको लागि ताराखोला वडा नं.२ र ५ मा कोल्ड स्टोर निर्माणको कार्यको ठेक्का

संझौता भई कार्य अगाडि बढेको छ ।

- लघु उद्यम विकास कार्यक्रमबाट १०० जना नयाँ र ४५ जना एडभान्स रुपमा उद्यमी सिर्जना भई उद्यमशिलताको पुर्वाधार तयार भएको छ ।
- किसान सुचिकरण कार्यक्रम बाट किसानको तथ्याङ्क संकलन गरिएको छ ।
- करिब ३०० घर परिवार बाख्रा पकेट कार्यक्रममा आवद्ध भएको ।
- हालसम्म पालिकामा २६ वटा उजुरी दर्ता भएका छन भने ५ वटै वडामा मेलमिलाप केन्द्र स्थापना गरिएको छ ।
- जिन्सि व्यवस्थापनको प्रक्रिया PAMS (पाम्स) मा राखिएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ६२५ बेरोजगार संख्या सुचिकृत भई रोजगारमा आबद्ध भएका छन ।
- बहुउद्धेश्यीय कबर्ड हल निर्माणको लागि बहुवर्षिय ठेक्का व्यवस्थापन गरिएको छ ।
- ७ वटा पुराना झो.पु. मर्मत गरिएको छ भने ६ वटा नयाँ झो.पु. तथा स्ट्रील ट्स निर्माणको अन्तिम चरणमा रहेका छन ।
- चालु आर्थिक वर्षको कुल बजेट रु ३८ करोड १० लाख ७७ हजार मध्ये हालसम्म कुल रू २१ करोड ५८ लाख १० हजार ८३५ खर्च भएको छ ।
- चालु आ.व.मा रू ४३ लाख १० हजार राजश्व संकलन गर्ने अनुमान गरिएकोमा हाल सम्म रू ४३ लाख २६ हजार १५५ राजश्व संकलन हुन सकेको छ।

सम्मानित सभाका सभाअध्यक्ष एवं सदस्य ज्यूहरु,

अब म आगामी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

आगामी आर्थिक वर्षको बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा तपसिल वमोजिमको आधार लिईएको छः-

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- संघ र प्रदेश सरकारले जारी गरेका नीति, नियम, कानुन तथा मापदण्डहरु,
- संघ, प्रदेश र गाउँपालिकाको आवधिक विकास योजना, दिगो विकासका लक्ष्यहरु, विकासका अन्तर सम्बन्धित विषयहरू,
- गाउँपालिकामा निर्माण भएका विभिन्न ऐन, नियमावली तथा कार्यविधिहरु,
- गाउँपालिकाको मध्यकालीन खर्च संरचना, गाउँपालिकामा उपलब्ध स्रोत र साधनहरु,
- अन्तर स्थानीय तह सहकार्य सम्बन्धकालागि साझा सरोकारका विषयहरू,
- संघीय र प्रदेश सरकार को नीति तथा कार्यक्रम,
- नेपाल सरकारको १५ औ योजना र दीगो विकासका लक्ष्यहरु ।

सोचः- "सुखि नागरिक, समृद्ध गाउँपालिका"

लक्ष्यः- "श्रम, सहकारी, पर्यटन, कृषि, उद्योग र पुर्वाधार- गुणस्तरीय स्वास्थ्य र शिक्षा एक घर एक रोजगार"

**उद्धेश्य**

- कृषि तथा पशुपालन क्षेत्रलाई व्यवसायीक र आधुनिक प्रविधिमा रुपान्तरण गरि नागरिकको जिवनस्तरमा सुधार गर्नुको साथै कृषि सहकारीलाई प्रवर्धन गर्ने।
- शिक्षाको गुणात्मक सुधारमा जोड दिने ।
- सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवामा जोड दिने ।
- जनसुरक्षाको लागि विपद् जोखिम उत्थानशिल विकासमा जोड दिने ।
- पर्यटकिय क्षेत्रहरुको पहिचान र विस्तारको लागी आवश्यक पुर्वाधारको विकास गर्ने ।
- सामाजिक विभेद, अन्धविश्वास लगायत समाजमा रहेका असमानता, कु-संस्कार र कुरिती अन्त्यका लागि न्याय, समानता प्रवर्द्धनमा जोड दिने ।
- सार्वजनिक सेवामा आधुनिक सुचना प्रविधि तथा संचारको भरपुर प्रयोग गर्ने ।
- आधुनिक पूर्वाधार विकास गरि दैनिक जनजीवनलाई सहज बनाउने ।
- उद्योग संचालन गर्न उद्यमीहरुलाई अनुकुलित वातावरण सिर्जना गर्ने ।
- वनको संरक्षण तथा व्यवस्थापन गर्ने ।
- युवाहरुलाई 'अध्यक्ष रोजगार कार्यक्रम' मार्फत रोजगारउन्मुख बनाउने ।
- सर्वपक्षिय विकासको मार्गदर्शनको रुपमा गाउँपालिकाको आर्थिक सर्वेक्षण तयार गर्ने ।
- स्थानीय स्रोत साधानहरुको अधिकतम परिचालन गरि आत्मनिर्भर अर्थतन्त्रको आधार तय गर्ने ।
- शहिद, वेपत्ता, घाईते, अपाङ्ग व्यक्ति तथा अति गरिब परिवारको लागि आवश्यकताको आधारमा आर्थिक, भौतिक, सामाजिक, नैतिक र कानुनी रणनीति तयार गरि शहिद पार्क/ युद्ध स्तम्भ निर्माण गर्ने ।
- स्वच्छ पिउने पानी र सरसफाईको सुनिश्चितता गर्ने ।
- सेवा प्रवाह, प्रक्रिया, सेवास्थल र नागरिकलाई आधुनिक प्रविधीमा रुपान्तरण गरी सुशासन कायम गर्ने।
- सरकारी, सामुदायिक र निजी क्षेत्रमा आवद्ध जिम्मेवार कर्मचारी, व्यवसायी, पदाधिकारि र सम्बन्धित सरोकारवालाहरुलाई कार्यसम्पादनको आधारमा दण्ड र पुरस्कृत गर्ने ।

## आर्थिक विकास

१. **कृषि तथा पशुपालन**

- पालिकामा कृषक, कृषक समुह, कृषि फर्म र सहकारी मार्फत स्थानीय कृषि उपभोग्य वस्तुको यन्त्रिकरण सहित उत्पादन वृद्धि गरि बजारीकरणको लागि संकलन केन्द्र, कोल्ड स्टोर, लेवलिङ्ग तथा प्याकेजिङ्ग को व्यवस्था गरिनेछ ।
- व्यवसायिक पशुपालनलाई वृद्धि गरि दुग्ध संकलन केन्द्र स्थापना गर्नुका साथै दुग्धजन्य पदार्थको उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरणको व्यवस्था गरिनेछ।
- किसान सूचीकरण तथा कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम संचालन गरिनेछ ।
- पशुमा कृत्रिम गर्भाधान मिसन कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय स्तरमा आवश्यक विउँ तथा विरुवा पुर्तिको लागि विउ उत्पादन, नर्सरी निर्माण तथा विरुवा उत्पादन गरिनेछ ।
- बाझो जग्गालाई खेतियोग्यमा परिणत गरि कृषि उत्पादकत्व बृद्धि सँगै स्वरोजगार र आत्मनिर्भर बनाउन

वास्तविक कृषकलाई आर्थिक सहायता प्रदान गरिनुका साथै कृषि बिमा कार्यक्रम संचालन गरिनेछ ।

- माटो परिक्षण शिविर मार्फत माटोको पहिचान गरि माटो सुहाउदो खेति प्रणाली अबलम्बन गरिने छ ।
- फलफुल दशक विरुवा रोपण कार्यक्रम अन्तर्गत नास्पति, किवि, स्याउ, एभोगार्डो जस्ता ताराखोलाको माटोमा सुहाउँदो खालका फलफूल विरुवा रोपण कार्यक्रम संचालन गरिने छ ।
- स्थानीय भैसिँ (लिमि पाराकोटे), स्थानीय कुखुरा पालन तथा बंगुर पालनलाई प्रवर्धन गरिने छ ।
- मौसमी तथा बेमौसमी बिउबिजन, जैविक विषादी र पशुपन्छी तथा मत्स्य औषधि वितरण कार्यलाई प्रभावकारी बनाइनेछ ।

२. **सहकारी तथा वित्तीय क्षेत्र**

- गाउँपालिकाको स्वामित्वमा बहुउद्देश्यीय सहकारी संस्थाको स्थापना गरि कृषि/पशुपालन र रोजगारी वृद्धि गर्न उत्पादन र बजारीकरणमा जोडिनेछ ।
- बैंक तथा वित्तीय संस्था सँगको सहकार्यमा कृषि व्यवसाय स्थापना तथा संचालनको लागि सहुलियतपूर्ण कृषि ऋणको व्यवस्था गरिनेछ ।
- सहकारी अनुगमनलाई प्रभावकारी बनाइनुका साथै अव्यवस्थित सहकारीहरुलाई मर्ज तथा बन्द गरी व्यवस्थीत गरिने छ । सञ्चालनमा नरहेका सहकारीहरुलाई बन्द गर्न प्रोत्साहन गरिने छ ।

३. **उद्योग तथा वाणिज्य**

- स्थानीय उत्पादनको प्रयोगमा बृद्धि गरि विलासिताका वस्तुको उपयोगमा न्युनिकरण गरिनेछ ।
- निजी तथा सहकारी क्षेत्रको समन्वयमा कृषि उत्पादन, संकलन, प्रशोधन तथा बजारिकरणलाई पुर्ण व्यवस्थीत गरिनेछ ।
- नेपालि कागज, अल्लो धागो, खाडि भाङ्ग्रा, निगालो बाट निर्मित वस्तुहरु उत्पादनको लागि उद्यमीहरू सिर्जना तथा स्तरउन्नती सहित सीप विकास तालिम र प्रविधि हस्तान्तना तथा ासिताका वस्तुको उपयोगमा न्युनिकरण गरिनेछ ।
- ड दिईनेछ ।
- रिनेछ ।
- रण कार्यक्रम सञ्चालन गरिनेछ ।
- संघ तथा प्रदेश सरकारसँगको समन्वयमा निजी, सार्वजनिक स्थलहरू तथा सामुदायिक क्षेत्रहरूमा रहेका स्ल्याप ढुङ्गा उत्खननका लागि वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी अध्ययन गर्न सहजिकरण गरिने छ।
- आधारभुत, तुलनात्मक लाभ र प्रतिस्पर्धा क्षमताका वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्व बृद्धि गरि आयात प्रतिस्थापन र निर्यात प्रवर्धन गरिनेछ, भने आयात र निर्यात प्रणालिलाई एकद्धार प्रणालीमा लैजाने रणनीति अपनाईने छ ।

४. **पर्यटन**

- रानु झरना, ख्यू बराह ताल, थामिलेक, सिद्धगुफा, मोतिमारे बराहताल, घुम्टे, गाईघाट झरना, डुडेलेक, तिनचुले, कालिलेक, शहिद पार्क लगायतका क्षेत्रहरुमा पर्यटन पूर्वाधार विकास कार्यक्रम संचालन गरिने छ ।
- ग्रामिण पर्यटकिय पुर्वाधार विकास कार्यक्रम अन्तर्गत 'एक वडा एक पर्यटकिय गन्तव्य सहित' विकास गरिनेछ ।
- भुस पोल्ने पर्व, असारे पर्व, सिस्नोखोस्ने, भदौरे मेला, बैकुण्ठे चतुर्दशी मेला, हरिबोधनी एकादशी, तमु

ल्होसार, गोपिचन लोकनाटक, फागुपुर्णिमा, बालाचतुर्दशी मेला, पन्चेबाजा, परम्परागत भजन तथा आमा समूहको कला र संस्कृतिको संरक्षण गरी उक्त मेलाहरुलाई पर्यटन प्रवर्धनसंग आवद्ध गरिने छ।

- करिमेलालाई नमुना पर्यटकिय वस्तीको रुपमा विकास गरिने छ।
- संग्रालय देखि अर्गल गाउँ हुदै सहिदपार्क- थामिलेक सम्म पदमार्ग निर्माणको कार्यलाई निरन्तरता गरिने छ ।
- शिक्षा, स्वास्थ्य, कृषि, खेलकुद, प्राकृतिक तथा संस्कृतिक सम्पदा जस्ता क्षेत्र समेटेर एकिकृत पर्यटन विकास गरिनेछ ।

## पूर्वाधार विकास

**१. सडक तथा पुल**

- रिजाल चोक-अमरभुमी-तारा-म्याग्दी सडक (शहिद मार्ग) गाउँपालिका देखि मुख्य राजमार्ग संग जोडिने मुख्य सडकको रुपमा कालोपत्रे गर्न प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरिने छ।
- गाउँपालिकास्तरीय गौरवका सडकलाई संघीय सरकारबाट प्राप्त रकममा आवश्यक साझेदारी गरिनेछ ।
- वडा भित्रका सहायक मार्गहरूको नाली सहित स्तरउन्नती गर्ने व्यवस्था मिलाईनेछ।
- घुस्मेलिघाट, मस्याङ्दीघाट, दलानचौरघाट, बगर, दोगाडि, छेल्दरखोला, धप्लयाङखोला मोटरेबल पुल/ कल्भट निर्माणको लागि संघीय र प्रदेश सरकार सँग समन्वय गरिनेछ ।
- सडक गुरुयोजना बनाई सडकहरुलाई व्यवस्थित सडकको रुपमा विकास गरिने छ।
- अन्तरपालिका र जिल्ला जोड्ने सडकलाई प्राथमिकिकरण गरिनेछ भने नयाँ ट्र्याक आवश्यकता पहिचान गरेर मात्र खोलिने छ ।
- प्रदेश सरकारको रणनीतिक सडकको रुपमा रहेको हटिया-हरिचौर-घुस्मेली-तारा सडक कालोपत्रे गर्न प्रदेश सरकारसंग समन्वय गरिने छ ।
- त्रिशुली घुम्ती-माझखर्क-अर्गल-तारागाउँ सडक १०.२ किलोमिटर कालोपत्रे हुनेछ बाँकी सडकको ट्र्याक खोल्न प्रदेश सरकारलाई अनुरोध गरिने छ।

**२. भवन तथा सहरी विकास**

- एकिकृत सरकारी डिजाईन अनुरुपको आवश्यकताको आधारमा निर्माण हुन बाँकी वडा नं. १, ३ र ५ का वडा प्रशासनिक भवनहरूको निर्माणकार्य क्रमश थालनी गरिने छ ।
- जनप्रेम मा.वि. भवन निर्माण गरिनेछ ।
- नमुना विद्यालयका भवनहरु क्रमागत रुपमा निर्माण सम्पन्न गरिनेछ ।
- ५ शैय्याको सामुदायिक अस्पताल निर्माणको कार्यलाई निरन्तरता दिईनेछ ।
- बाढी तथा पहिरोबाट क्षति भएका घरहरूको पहिचान गरी राहत तथा सुरक्षित आवासको व्यवस्था मिलाइने छ।
- पालिका भित्र रहेका सुकुम्बासी परिवारहरूको पहिचान गरी सुकुम्बासी समस्या समाधान गर्न लालपुर्जाको व्यवस्था तथा अव्यवस्थित बसोबास लाई व्यवस्थित गर्न समन्वय गरिनेछ।
- नक्सा पास गरी घर बनाउने कार्यको थालनी गरिने छ।

**३. उर्जा**

- ताराखोला गाउँपालिकालाई उज्यालो गाँउपालिका घोषणा गरिनेछ ।

- स्थानीय जलबिद्युत उत्पादन गर्न गाउँपालिकाको स्वामित्व सहित निजी क्षेत्र, सहकारी र समुदायलाई प्रोत्साहन गरिने छ, जसमा आम नागरिकहरूलाई सेयर लगानी गर्ने वातावरण तयार गरिने छ।
- बैकल्पिक उर्जाको क्षेत्र विस्तार गरि विद्युत खपत बढाईने छ ।

४. **सिंचाई**

- सिँचाई व्यवस्था नभएका खेतीयोग्य जमिनहरुको वर्गिकरण गरि सिँचाई कार्यक्रमहरु संचालन गरिनेछ ।
- व्यबसायिक कृषि प्रवर्धनको लागि सिंचाइका आधुनिक प्रविधिहरु प्रयोग र जडान गरिने छ ।
- सिंचाई सुविधा नपुगेका फलफुल उत्पादन क्षेत्रहरुमा साना सिंचाइको माध्यमबाट सिचाई सुविधा पुर्याई उत्पादन बृद्धि गरिने छ ।
- माछापालन, पशुपालन तथा सिंचाईको लागि आवश्यकतानुसार पोखरि निर्माण गरिनेछ ।

## सामाजिक विकास

१. **शिक्षा**

- गाउँपालिका स्तरीय पुस्तकालयको स्थापना गरिनेछ ।
- एक शिक्षण संस्था एक उद्यम कार्यक्रम संचालन गरिनेछ ।
- कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाई निरन्तरताका लागि कार्यक्रम संचालन गरिनेछ ।
- अध्यक्ष शैक्षिक सुधार कार्यक्रम मार्फत विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम संचालन गरिनेछ ।
- बालविकास केन्द्रहरुको आवश्यकता अनुसार स्थानान्तरण र समायोजन गरिनेछ ।
- जनप्रतिनिधी, सामुदायीक विद्यालयमा कार्यरत शिक्षक र सार्वजनीक निकायमा कार्यरत कर्मचारीहरुका छोराछोरिहरुलाई सरकारी विद्यालयमै भर्ना गरी अध्ययन गराउने नीतिलाई कार्यान्वयन गरिनेछ ।
- सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन गरिनेछ ।
- कक्षा १-६ सम्मका विद्यार्थीहरुको दिवा खाजाका लागि विद्यालयमा अनुदान कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका स्तरीय शैक्षिक योजनाबमोजिम स्थानीय पाठ्यक्रमको आधारमा कक्षा १ देखि ५ सम्म स्थानीय पाठ्यक्रम लागु गरिने छ ।
- विद्यालयहरूको संस्थागत क्षमता अभिबृद्धिकोलागि व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र अभिभावकहरूको बिचमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिने छ।
- द्वन्द्व पिडित बालबालिकाहरूलाई उच्च शिक्षा तथा प्राविधिक शिक्षा अध्ययन गर्नको लागि शैक्षिक छात्रवृत्तिको व्यवस्थालाई निरन्तर गरिने छ।
- अनौपचारिक शिक्षा, बैकल्पिक सिकाईलाई आयमुलक कार्यक्रम सँग जोडिनेछ ।
- गाउँपालिकामा बहु- प्राविधिक शिक्षालय स्थापनाको लागि समन्वय गरिनेछ।
- शैक्षिक क्षेत्रमा देखिएका समस्याहरूको समाधान गर्न र गुणस्तरीय शिक्षण सिकाईलाई प्रवर्धन गर्न सुपरिवेक्षण, निरीक्षण, अनुगमन मुल्याङ्कन प्रणालीलाई व्यवस्थित गरिने छ ।

२. **स्वास्थ्य**

- कोभिड-१९ भ्याक्सिनको डिजिटाईजेशन तथा क्यू आर कोड प्रमाणिकरण कार्यक्रम संचालन गरिनेछ ।

- निःशुल्क स्वास्थ्य सेवा, औषधी वितरण र एम्बुलेन्स सेवालाई प्रभावकारी र पारदर्शी बनाइने छ ।
- प्रत्येक स्वास्थ्यचौकीको कार्यक्षेत्र भित्र स्वास्थ्यकर्मि मार्फत घरदैलो स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिने छ । विपन्न परिवारहरुको स्वास्थ्य बीमा गाउँपालिकाले गर्ने व्यवस्था मिलाइने छ।
- स्वास्थ्य सेवा मापदण्ड अनुसार बर्थिङ सेन्टरहरुका लागि अपुग पूर्वाधारहरुको निर्माण र उपकरण जडान गरिनेछ र सेवामा खटिने स्वास्थ्यकर्मीलाई प्रोत्साहन गरिने छ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको जीवन बीमा कार्यक्रम संचालन गरिनेछ । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको मासिक समिक्षा बैठक गर्ने व्यवस्था गरिने छ।
- कुनैपनि रोग, महामारी नियन्त्रण तथा व्यवस्थापनमा पुर्व तयारी तथा प्रतिकार्य एकिकृत उपाय अबलम्बन गरिनेछ ।
- खाद्य सुरक्षा सम्बन्धी चौमासिक बैठक बस्ने व्यवस्था मिलाइने छ। कुपोषित बालबालिकाहरूको पहिचान गरी पौष्टिक आहारको व्यवस्था गरिने छ ।
- सुनौलो हजार दिनका आमा तथा बच्चालाई उपयुक्त पोषणको लागि अण्डा वितरणको व्यवस्था गरिने छ।
- प्रत्येक स्वास्थ्य चौकीबाट स्वास्थ्यकर्मीको सिफारिसमा आवश्यक औषधि निःशुल्कमा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।
- आरोग्य केन्द्र मार्फत पालिका क्षेत्रमा स्थानीय जडिवुटिको पहिचान, उपयोग, संरक्षण र खेति गर्ने साथै योग, ध्यान तथा शिविर मार्फत स्वस्थ जीवन शैली प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिने छ।

### ३. युवा तथा खेलकुद

- यूवाहरुका लागि प्राविधिक तथा व्यवसायीक शिक्षाको साथै सीप, तालिम, प्रविधि र पूँजी उपलब्ध गराई स्वरोजगार तथा उद्यमशीलतामा संलग्न गराइने छ।
- गाउँपालिका स्तरीय खेलमैदान निर्माणलाई निरन्तरता दिनुका साथै सुविधासम्पन्न कभर्डहल निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- युवाहरूको शारीरिक, मानसिक तथा सामाजिक विकासका लागि खेलकुद तालिम र प्रतियोगिताको व्यवस्था गरिने छ, राष्ट्रपति रनिङ शिल्ड खेलकूद प्रतियोगितालाई निरन्तरता दिइने छ।
- खेलकुद प्रशिक्षणको लागि खेल प्रशिक्षकको व्यवस्था गरिने छ ।
- अध्यक्ष रोजगार कार्यक्रम र प्रधानमन्त्री रोजगार कार्यक्रम मा युवाहरूको सहभागितालाई विशेष जोड दिइने छ।

### ४. खानेपानी तथा सरसफाई

- सरसफाईयुक्त गाउँपालिका घोषणा गर्न आवश्यक तयारि गरिने छ ।
- हिलगाँउ खानेपानी आयोजना निर्माण गरिनेछ ।
- 'एक घर एक धारा स्वच्छ पिउने पानि अन्तर्गत खानेपानि आयोजना संचालन गरि सुरक्षित पिउनेपानीको व्यवस्था गरिने छ ।
- खानेपानीको थप व्यवस्थापनको लागि नेवासँग आवश्यक समन्वय गरिने छ ।

### ५. लैङ्गिक समानता र सामाजिक समावेशिकरण

- ऐतिहासिक जनयुद्ध, जनआन्दोलनका शहिद, वेपत्ता, घाईते, असहाय बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा अति गरिब परिवारको लागि आवश्यक कानून निर्माण गर्दै सहायता कोष स्थापना गरि सामाजिक,

आर्थिक, भौतिक, नैतिक र कानुनी सहायताको व्यवस्था गरिनेछ ।

- बालमैत्री स्थानीय शासन सञ्चालनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।
- ज्येष्ठ नागरिकहरूमा भएको ज्ञान, सीप कला र अनुभवलाई युवा पुस्तामा हस्तान्तरण गर्नको लागि अन्तरक्रिया तथा छलफल कार्यक्रम तथा तालिम सञ्चालन गरिने छ।
- जातीय भेदभाव, छुवाछुत, बालविवाह, बहुविवाह लगायत विभिन्न रुढिबादी अन्धविश्वास तथा कुरीति हरुलाई न्यूनीकरण गर्न विशेष अभियान सञ्चालन गरिने छ।
- गाउँपालिकामा महिला दिदिबहिनिहरुलाई लघु उद्यमशिलता कार्यक्रमसंग जोडिनेछ भने सशक्तिकरणको लागि लक्षित कार्यक्रम संचालन गरिनेछ ।

६. **मानव अधिकार र सामाजिक न्याय**

- ऐतिहासिक जनयुद्ध, जनआन्दोलनका शहिद तथा बेपत्ता परिवार, घाईते अपाङ्ग योद्धा र असहायहरुको लागि निश्चित मापदण्डको आधारमा मासिक रुपमा जीवन निर्वाह भत्ताको व्यवस्था गरिनेछ ।
- सामाजिक न्याय कायम हुने गरी मानव अधिकारको उपयोग, सम्मान, संरक्षण र प्रवर्द्धन गरिने छ।
- गाउँपालिकामा अनुशासित, न्यायिक, समानता मूलक र मानवअधिकार मैत्री शासन प्रणाली लागु गर्न जोड दिइने छ।
- गाउँपालिकामा समान कामको लागि समान ज्याला को रणनीति विकास गरिनेछ ।

७. **सस्कृति**

- गाउँपालिकामा हरेक वर्षको फागुन १ गतेका दिन ऐतिहासिक जनयुद्धको अवसरमा सार्वजनिक विदा गरि जनयुद्ध दिवसको रुपमा स्थापित गरिनेछ ।
- सहिद पार्क निर्माण गरी क्रमश सहिदहरुको पदमूर्ति निर्माण गरिनेछ ।
- संग्राहलयमा गाउँपालिकाको पहिचान झल्किने ऐतिहासिक महत्वका वस्तुहरु संकलन गरिनेछ ।
- गाउँपलिकामा रहेको परम्परागत कला, सस्कृति, ऐतिहासिक वस्तुहरुको खोज, संरक्षण प्रवर्द्धन गरी प्रचार-प्रासार गरिनेछ ।
- विभिन्न जातजाति, भाषा, धर्म, संस्कृतिहरुको संरक्षण र सम्बर्धन गरिनेछ ।

**वन, वातावरण तथा विपद व्यवस्थापन**

१. **वन तथा वातावरण**

- सडक निर्माणको क्रममा हुने क्षतिलाई न्यूनिकरण गर्नका लागि वृक्षारोपण गरिनेछ ।
- पानीको मुहानको आसपास जमिनमा रुख काट्ने वा अन्य गतिविधि गर्न नपाइने नीति अवलम्बन गरिने छ।
- सामुदायिक वनको संरक्षण गरिनेछ ।

२. **विपद व्यवस्थापन**

- विपद व्यवस्थापन तथा जोखिम न्यूनिकरणको लागि पालिकास्तरीय योजना तर्जुमा गरिनेछ। भने मानवीय क्षतिलाई न्यूनिकरणको लागि रणनीति सहित विपद व्यवस्थापन कोष संचालन गरि भौतिक तथा आर्थिक सहयोग गरिनेछ ।
- चट्याङबाट हुने मानविय तथा पशुजन्य क्षतिलाई रोक्न लाइटनिङ्ग एरिष्टोर जडान गरिनेछ।
- आपतकालिन संचालन केन्द्र निरन्तर संचालन गरिनेछ ।

३. **जल उत्पन्न प्रकोप नियन्त्रण**

- नदी तथा खोलाको छेउछेउमा ढुंगा, गिट्टी, बालुवा निकाल्ने कार्यलाई निरुत्साहित गरिने छ ।
- नदी, खोला तथा ढल निकासले क्षति पुर्याउन सक्ने स्थानहरूको पहिचान गरी तटबन्धन कार्य गरिने छ ।

४. फोहोरमैला व्यवस्थापन

- हरेक टोल वस्तीमा जम्मा हुने  फोहोर मैलालाई व्यवस्थापन गर्न आवश्यक रणनीति तयार गरि टोल बस्ती आसपासमा अव्यवस्थित रुपमा रहेका खानेपानीका स्रोतहरू, पोखरी, कुवा, कुलेसाहरूलाई व्यवस्थित गरि सरसफाईयुक्त गाउँपालिका घोषणा गरिनेछ ।

**सुशासन तथा संस्थागत विकास**

१. **प्रशासनिक व्यवस्थापन तथा सुशासन**

- दैनिक प्रशासनिक कार्यलाई विकसित प्रविधि मार्फत संचालन गरिनेछ ।
- नागरिक वडापत्रलाई पालिका सहित सबै वडामा डिजिटल प्रविधिमा लगिने छ ।
- जनप्रतिनिधिहरुको क्षमता विकासको लागि अध्ययन, अवलोकन, भ्रमण, तालिम, प्रशिक्षण जस्ता कार्यक्रम संचालन गरिनेछ ।
- सार्वजनिक सुनुवाई तथा जनतासँग जनप्रतिनिधि कार्यक्रमलाई निरन्तरता दिई जनप्रतिनिधि तथा कर्मचारीलाई जनता तथा सेवाग्राहीप्रति जवाफदेही र उत्तरदायी बनाइने छ ।
- राजश्वको दायरा बढाउन आवश्यक रणनीति तयार गरिनेछ ।
- धुर्कोट गाउँपालिका गुल्मी, बन्दिपुर गाउँपालिका बन्दिपुर र ताराखोला गाउँपालिका तथा अन्य गाउँपालिका र नगरपालिकाहरूबीचको साझेदारीमा अनुभव आदानप्रदान तथा  अन्तर पालिका स्तरीय विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।
- न्यायीक समितिको इजलास कक्ष व्यवस्थापन गरिनेछ भने मेलमिलापकर्ताहरुको लागि पुनर्ताजगि तालिम संचालन गरिनेछ ।
- ताराखोला गाउँपालिकामा ‘सार्वजनिक सेवाको मापदण्ड, २०७९ तयार गरिनेछ ।

२. **आर्थिक प्रशासन एवं सुशासन**

- आम्दानी र खर्चको अभिलेखीकरणलाई व्यवस्थित गर्न आन्तरिक लेखापरीक्षण लाई प्रभावकारी बनाइने छ ।
- नेपाल सरकार मार्फत विकसित प्रविधिमा आधारित भुक्तानी प्रणाली अवलम्बन गरिने छ
- बेरुजु फर्स्योट सम्बन्धी लेखा समिति गठन गरी बेरुजुको अध्यावधिक  विवरणलाई गाउँसभामा प्रस्तुत गर्ने तथा  फर्स्योट गर्न ताकेता  गरिने छ।

३. **आयोजना संचालन सम्बन्धी कार्य**

- आयोजना सम्बन्धी वार्षिक गुरुयोजना निर्माण गरी समयमा नै आयोजना कार्यान्वयनको प्रक्रिया अगाडि बढाउने नीति अवलम्बन गरिने छ।
- जनसहभागिता नजुट्ने अवस्था भएमा ठूला आयोजनाहरुलाई ठेक्का प्रक्रिया मार्फत सञ्चालन गर्ने नीति अवलम्वन गरिने छ।

**४. तथ्याङ्क प्रणाली, अनुसन्धान र विकास**

- ताराखोला गाउँपालिका मा भरपर्दो तथ्यांक प्रणालीको माध्यमबाट विकास निर्माण कार्य सञ्चालन गर्नको लागि तथ्याङ्क नीति तर्जुमा गरी आर्थिक सर्वेक्षण गरिनेछ ।

**५. संचार**

- ताराखोला गाउँपालिकामा रहेका एफएम रेडियो, न्युज प्रा.लि. तथा युटुब च्यानलको व्यवस्थापनको लागि आवश्यक कार्य गरिनेछ ।
- सूचना सम्प्रेषण गर्ने मिडियाहरुलाई थप क्षमता अभिवृद्धि गर्नको लागि कार्यक्रम संचालन गरिनेछ ।

यस गाउँसभामा प्रस्तुत आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका योजनाहरु कार्यान्वयन भई स्थानीय अर्थतन्त्रमा वृद्धि हुनुको साथै आत्मनिर्भर, समृद्ध, सुखि र सुशासनयुक्त गाउँपालिका निर्माण हुने विश्वास लिएको छु ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्ने उपाध्यक्ष भिम बहादुर रोका, निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रकाश गैरे, सम्पूर्ण वडाका वडाअध्यक्षहरु, कार्यपालिका तथा वडा सदस्यहरु, सम्पूर्ण कर्मचारी साथीहरु, निवर्तमान जनप्रतिनिधिहरु, राजनैतिक दलका पदाधिकारीहरू, शिक्षक, पत्रकार, विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, देश-विदेशमा रहनुभएका दाजुभाई तथा दिदीबहिनीहरु लगायत सबैमा हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

मितिः- २०७९/०३/०६ गते रोज शुभम !

धन्यवाद !!!!

धन बहादुर वि.क.
अध्यक्ष

# ताराखोला गाउँपालिका
## आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य

**सम्माननीय सभाका सभाअध्यक्ष ज्यू,**

**सभामा उपस्थित सम्पूर्ण सदस्य ज्यूहरु, आमन्त्रित समाजसेवी, बुद्धिजीवी, शिक्षक, कर्मचारी, पत्रकार, सुरक्षा निकायका प्रमुख लगायत उपस्थित सम्पूर्ण महानुभावहरु,**

संविधानसभाबाट जन आकांक्षा बमोजिमको संविधान निर्माणको विभिन्न कालखण्डहरूमा भएका जनआन्दोलन तथा जनयुद्धद्वारा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि जारी भएको संविधान बमोजिम स्थापित यस स्थानीय सरकारमा पहिलो 5 वर्षे कार्यकाल पुरा गरी दोस्रो कार्यकालको पहिलो वर्षमा प्रवेश गर्दैछौं । जनताको इच्छा र अपेक्षा अनुसारको संविधान निर्माण गरी जनताले नै रोजेका जनप्रतिनिधिहरुद्धारा आफ्नै घर आगनमा छिटो, छरितो, गुणस्तरीय र प्रभावकारी रूपमा सार्वजनिक सेवा प्राप्त गर्ने यस संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको प्राप्तिका लागि त्याग र तपस्या सहित आफ्नो ज्यानको बलिदानी दिने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मान सहित हार्दिक श्रद्धांजलि अर्पण गर्न चाहन्छु ।

विगत दुइ वर्षमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड १९ को प्रभाव यस ताराखोला गाउँपालिकामा पनि परेको यहाँहरु सबैलाई सर्वविदित नै छ । यस महामारीले सिर्जना गरेको विषम परिस्थितिका कारण पटकपटक भइरहेको बन्दा बन्दीले गर्दा बजेट कार्यान्वयनमा देखिएका विभिन्न समस्याहरुका बाबजुत पनि हाम्रा आर्थिक, सामाजिक, भौतिक लगायतका सम्पूर्ण क्षेत्रका कार्यहरु अगाडि बढिनै रहेका छन् । यस विषम परिस्थितिको सामना गर्नको लागि सहयोग प्रदान गर्नुहुने सम्पूर्ण सहयोगी व्यक्ति तथा संघसंस्थाहरु, जिउ ज्यानको प्रवाह नगरी अग्र पङ्तिमा खटिनु हुने स्वास्थ्यकर्मीहरु, कर्मचारीहरू, जनप्रतिनिधिहरु लगायत सम्पूर्ण प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । कोभिड १९ संक्रमित भई उपचारको क्रममा दिवंगत हुनुभएका यस ताराखोला गाउँपालिकाका कार्यपालिका सदस्य तथा जुझारु महिला नेतृ तेजुमाया भण्डारी परियार लगाएत ४ जना नागिरक प्रति हार्दिक श्रद्धांजलि प्रकट गर्न चाहन्छु ।

गाउँपालिका क्षेत्रमा उपलब्ध प्राकृतिक स्रोतहरूको समुचित प्रयोग गरी रोजगारी सिर्जना गर्दै गरिबी निवारण गरी आर्थिक र भौतिक रुपमा समृद्ध ताराखोलाको निर्माण गर्नु नै हाम्रो प्रमुख उद्देश्य हो । जटिल भौगोलिक संरचनाका बीचमा भइरहेका पूर्वाधार निर्माणका कार्यहरूको कारणले वर्षातको समयमा हुने बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपहरूको सिर्जना भई सार्वजनिक पूर्वाधार क्षेत्रमा गरिएको लगानीको समुचित प्रतिफल प्राप्त हुन नसक्नु, अव्यवस्थित बसाइसराइका कारण सार्वजनिक क्षेत्रमा गरिएको लगानी को लाभ लिने जनसंख्या घट्दै जानु, दक्ष र सीपयुक्त जनशक्तिलाई पालिका क्षेत्रमा रोजगारी उपलब्ध गराउन नसकिनु जस्ता चुनौतीहरू हाम्रा सामु रहेका छन् । यद्यपि कृषि र पशु पालनलाई व्यवसायिक बनाई, पर्यटन पूर्वाधारको निर्माण गरी, प्राकृतिक स्रोतहरूको समुचित उपयोग गर्दै रोजगारी सृजना गरी गरिबी निवारण तर्फ जोड दिइ"**कृषि, पर्यटन,वन, उद्योग र रोजगारीको सबल पूर्वाधार, गुणस्तरीय स्वास्थ्य र शिक्षा सहितको आत्म निर्भर र समृद्ध ताराखोलाको कार्यभार**"भन्ने दीर्घकालीन सोचलाई पुस्ट्याइ गर्नेतर्फ बजेटलाई केन्द्रित गरेको छु ।

सभाध्यक्ष ज्यू,

अब म आगामी आर्थिक वर्षको बजेटका प्रमुख उद्देश्यहरु प्रस्तुत गर्न चाहन्छु।

१. कृषि तथा पशुपालन क्षेत्रलाई व्यवसायीक र आधुनिक प्रविधिमा रुपान्तरण गरि नागरिकको जिवनस्तरमा सुधार गर्नुको साथै, कृषि सहकारीलाई प्रवर्धन गर्ने।
२. शिक्षाको गुणात्मक सुधारमा जोड दिने ।
३. सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवामा जोड दिने ।
४. जनसुरक्षाको लागि विपद जोखिम उत्थानशिल विकासमा जोड दिने ।
५. पर्यटकिय क्षेत्रहरुको पहिचान र विस्तारको लागी आवश्यक पुर्वाधारको विकास गर्ने ।
६. सामाजिक विभेद, अन्धविश्वास लगायत समाजमा रहेका असमानता, कु-संस्कार र कुरिती अन्त्यका लागि न्याय, समानता प्रवर्द्धनमा जोड दिने ।
७. सार्वजनिक सेवामा आधुनिक सुचना प्रविधि तथा संचारको भरपुर प्रयोग गर्ने ।
८. आधुनिक पूर्वाधार विकास गरि दैनिक जनजीवनलाई सहज बनाउने ।
९. उद्योग संचालन गर्न उद्यमीहरुलाई अनुकुलित वातावरण सिर्जना गर्ने ।
१०. वनको संरक्षण तथा व्यवस्थापन गर्ने ।
११. युवाहरुलाई ‘अध्यक्ष रोजगार कार्यक्रम’मार्फत रोजगारउन्मुख बनाउने ।
१२. सर्वपक्षिय विकासको मार्गदर्शनको रुपमा गाउँपालिकाको आर्थिक सर्वेक्षण तयार गर्ने ।
१३. स्थानीय स्रोत साधानहरुको अधिकतम परिचालन गरि आत्मनिर्भर अर्थतन्त्रको आधार तय गर्ने ।
१४. शहिद, वेपत्ता, घाईते, अपाङ्ग व्यक्ति तथा अति गरिब परिवारको लागि आवश्यकताको आधारमा आर्थिक, भौतिक, सामाजिक, नैतिक र कानुनी रणनीति तयार गरि शहिद पार्क/ युद्ध स्तम्भ निर्माण गर्ने ।
१५. स्वच्छ पिउने पानी र सरसफाईको सुनिश्चितता गर्ने ।
१६. बहुवर्षीय र समपुरक आयोजनाहरुलाई निरन्तरता गर्ने ।
१७. सशर्त अनुदानका कार्यक्रम मार्फत कृषि, पशुपालन, शिक्षा, स्वास्थ्य, रोजगार र उद्यम क्षेत्रको विकासमा टेवा पुर्याउने ।

अब म आगामी आर्थिक वर्षमा उल्लेखित उद्देश्य परिपूर्ति गर्न बजेटका प्रमुख प्राथमिकताहरु प्रस्तुत गर्दछु।

१. सामाजिक विकास
२. सडक, खानेपानी, भवन तथा अन्य पूर्वाधार निर्माण
३. कृषि, पशुपालन, सहकारी, उद्योग र पर्यटन मार्फत आर्थिक विकास
४. वन, वातावरण तथा विपद व्यवस्थापन
५. सुशासन तथा संस्थागत क्षमता विकास

सभाध्यक्ष ज्यू,

अब म आगामी आर्थिक वर्षको कुल बजेट तथा क्षेत्रगत विनियोजन प्रस्तुत गर्न चाहन्छु।

आगामी आर्थिक वर्षमा नेपाल सरकारबाट सशर्त अनुदान रू १६ करोड ५४ लाख, वित्तिय समानीकरण अनुदान रू ७ करोड ९९ लाख र राजश्व बाँडफाँडबाट रू ६ करोड ७३ लाख २६ हजार प्राप्त हुने भएको छ । त्यसै गरी गण्डकी

